वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'
bhanjyangnews.com भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत "विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई
LIKE, FOLLOW
गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमूलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १७१ | २०८३ कात्तिक १२ गते विहीबार, नेपाल सम्वत् ११४६ October 29, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



मुरी भित्र्याउने चटारो

तनहुँको बन्दीपुर गाउँपालिका-३ शेराटार फाँटमा पाकेको धाने झारेर थन्काउने तयारी गर्दै स्थानीय कृषकहरू । बङ्गालको खाडीमा बनेको अति शक्तिशाली चक्रवात 'अर्णब'को प्रभावले नेपालमा पनि बिहीबारदेखि देशका विभिन्न क्षेत्रमा वर्षा हुने मौसम विभाग जानकारी गराएपछि यतिबेला पाकेको धान खेती थन्काउने चटारोमा छन् भने वर्षाले पाकेको धानखेती बिगार्ने होकी भन्ने चिन्तामा पनि परेका छन् । शनिबारसम्म मौसमको प्रभाव रहने र कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी तथा एकदुई स्थानमा अति भारी वर्षाको सम्भावना रहेको बताइएको छ । वर्षाका कारण बाढी, पहिरो, सडक अवरोध तथा हवाई यातायात प्रभावित हुनसक्ने भएकाले सर्वसाधारण र सम्बन्धित निकायलाई आवश्यक पूर्वतयारी गर्न आग्रह गरिएको छ ।

तस्विर : भञ्ज्याङ

पृथ्वीराजमार्गको स्वरूप फेरिँदै, पोखरा जोड्ने सडक अन्तिम चरणमा

पश्चिम खण्डको भौतिक प्रगति ७०.८ प्रतिशत, मुख्य काम मंसिर १० भित्र सक्ने लक्ष्य

भञ्ज्याङ समाचारदाता/तनहुँ

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनीदेखि कास्कीको पोखरासम्म सडक स्तरोन्नतिले यातायातको पुरानो स्वरूप बदल्दै लगेको छ । पाँच दशकअघि निर्माण भएको दुई लेनको राजमार्ग अहिले सहरी क्षेत्रमा छ लेन र अन्य क्षेत्रमा चार लेनमा विस्तार भइरहेको छ । स्तरोन्नतिपछि राजधानी काठमाडौँ र गण्डकी प्रदेशको प्रमुख सहर पोखराबीचको सडक सम्पर्क थप सहज हुने अपेक्षा गरिएको छ ।

मुग्लिन-पोखरा सडक विस्तारयोजना अन्तर्गत पूर्वी खण्डको निर्माण सम्पन्न भइसकेको छ भने पश्चिम खण्डमा मुख्य सडक निर्माणका अधिकांश काम पूरा भएका छन् । सडक विस्तारसँगै पुल, सहायक सडक, फुटपाथ र अन्य संरचना निर्माणले राजमार्गको स्वरूप फेरिँदै गएको छ। यद्यपि, पश्चिम खण्डमा सर्भिस लेन, फुटपाथ, रङरोगन तथा केही सौन्दर्यकरणका काम अझै बाँकी छन् ।

आँबुखैरेनीदेखि जामुनेसम्मको ४१.५ किलोमिटर सडकलाई पूर्वी खण्ड र जामुनेदेखि पोखरासम्मको ३८.४ किलोमिटरलाई पश्चिम खण्ड बनाएर योजना सञ्चालन गरिएको हो । पश्चिम खण्डको समग्र भौतिक प्रगति ७०.८ प्रतिशत पुगेको आयोजना प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिए ।

निर्माण कम्पनीको पछिल्लो म्याद आगामी मंसिर १० गतेसम्म रहेकाले त्यस अवधिभित्र मुख्य



निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको उनले बताए । सडक निर्माणको काम निर्धारित समयमै सक्ने तयारी भए पनि केही सौन्दर्यकरणसम्बन्धी काम भने त्यसपछि पनि जारी रहन सक्ने उनको भनाइ छ ।

कुँवरले भने, "पृथ्वीचोकका दुई सिग्नेचर पुल यो वर्षभित्र सकिने गतिमा छन् । सडक खण्ड पनि म्यादभित्रै सकिन्छ, केही सौन्दर्यकरणका काम बाँकी रहलान्।"

वि.सं. २०७८ जेठमा ठेक्का सम्झौता भएको पश्चिम खण्डको निर्माणको जिम्मा चीनको यनहुइ काइयुन हाइवे एन्ड ब्रिज कम्पनीले पाएको हो । एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सञ्चालित यस खण्डको ठेक्का लागत सात अर्ब ४० करोड ४६ लाख ८१ हजार रूपैयाँ रहेको छ।

सडक विस्तारले बदलिँदै सहरी स्वरूप

पश्चिम खण्डमा पोखराको सेती पुलदेखि तल्लो गगनगौँडासम्म छ लेनको सडक निर्माण गरिएको छ । अन्य क्षेत्रमा चार लेनको सडक बनाइएको छ। आयोजनाअन्तर्गत चार लेनको १८ मिटर चौडा सडक १२ किलोमिटर, चार लेनको २३ मिटर चौडा सडक ८.५ किलोमिटर र छ लेनको ४६ मिटर चौडा सडक १८.३ किलोमिटर निर्माण गरिएको छ ।

सडक विस्तारसँगै सवारीसाधनको चाप व्यवस्थापन, सहरी आवागमन सहज बनाउने र यात्राको समय घटाउने अपेक्षा गरिएको छ। तर, सडकको चौडाइ बढे पनि आवश्यक सहायक संरचना र पुलको निर्माण पूरा नभएसम्म यातायात व्यवस्थापनमा

बाँकी तेश्रो पेजमा

बन्दीपुरको कपडा बैंकमा २० केजी कपडा सहयोग

भञ्ज्याङ समाचारदाता/डुम्रे

तनहुँको बन्दीपुर गाउँपालिका-१ मा सञ्चालित कपडा बैंकमा भानु नगरपालिका-५, सेपाबगैंचाकी सीता बानियाले २० केजी पुनः प्रयोग गर्न मिल्ने कपडा सहयोग गरेकी छन् ।



आवश्यकतामा रहेका व्यक्तिलाई कपडा उपलब्ध गराउने तथा प्रयोग गर्न मिल्ने कपडाको पुनः उपयोगलाई प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालन गरिएको कपडा बैंकमा बानियाले कपडा सहयोग गरेकी हुन् ।

घरमा प्रयोग गर्न नमिल्ने तर पुनः प्रयोग गर्न सकिने कपडा फाल्नुको सट्टा कपडा बैंकमा उपलब्ध गराउन सकिने गरी वडा कार्यालयमा कपडा बैंक सञ्चालनमा ल्याइएको बन्दीपुर गाउँपालिका-१ का वडाअध्यक्ष शिवकुमार श्रेष्ठले जानकारी गराए । उनले भने, 'यसबाट आर्थिक रूपमा कमजोर तथा कपडाको आवश्यकता भएका व्यक्तिलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।'

वडाले घरमा रहेका पुनः प्रयोग गर्न मिल्ने कपडा कपडा बैंकमा जम्मा गरी सामाजिक सहयोगको अभियानमा सहभागी हुन सर्वसाधारणलाई आग्रह गरेको छ । इच्छुक व्यक्तिले बन्दीपुर गाउँपालिका-१ को वडा कार्यालय भवन परिसरमा राखिएको कपडा डोनेसन बक्समा कपडा उपलब्ध गराउन सक्नेछन् । कपडाको पुनः प्रयोगले स्रोतसाधनको सदुपयोग हुनुका साथै आवश्यकतामा रहेका व्यक्तिलाई सहयोग पुग्ने विश्वास गरिएको छ ।

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com
Call: 065-563907, 9856060376

सम्पादकीय .....

www.bhanjyangnews.com

कुलुङकोट : माटोले बोकेको इतिहास र सम्भावना

तनहुँको पहाडी भूभाग, इतिहासका अनेक तह र सभ्यताको छेउमा बसेको एउटा मौन साक्षी हो- कुलुङकोट। व्यास नगरपालिकाको वडा नं. १४ भित्र पर्ने यो क्षेत्र केवल एउटा भू-भाग होइन, यो हाम्रो इतिहास, संस्कृति र सभ्यताको दस्तावेज हो। दुर्भाग्यवश, यस्ता ऐतिहासिक स्थलहरु राज्यको नीति र स्थानीय प्राथमिकतामा ओझेल परिरहेका छन्। कुलुङकोट पनि त्यही नियतिको शिकार बनेको छ- जहाँ इतिहासको सुगन्ध त पाइन्छ, तर संरक्षणको सुगन्ध हराएको छ। कुलुङकोट तनहुँ जिल्लाको ती ठाउँहरुमध्ये एक हो जसले बाइसी-चौबिसी राज्यकालदेखि नै ऐतिहासिक अध्याय बोकेको मानिन्छ। यहाँ भेटिने पुराना संरचना, धार्मिक परम्परा र स्थानीय लोकसंस्कृतिले यसको प्राचीनता पुष्टि गर्छ। पुरातत्वविद्हरुका दृष्टिले हेर्दा, यो क्षेत्र केवल भौतिक अवशेषको भण्डार मात्र होइन, नेपालको राज्य निर्माण र सांस्कृतिक विकासको मौन गवाही पनि हो। कुलुङकोटको नामाकरण र यसको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा यो सम्भवतः थुमथुमे राज्यको एक प्रशासनिक केन्द्र वा सैनिक चौकीको रुपमा अस्तित्वमा आएको हुनसक्छ।

यहाँका भित्ताहरु, ढुंगाका पर्खाल र मन्दिरका भग्नावशेषहरुले विगतका युद्ध, शासन र धार्मिक क्रियाकलापका कथा बोकेका छन्। कालिकाको पूजा र दशैंको फूलपाती शोभायात्रा यहाँको मौलिक धार्मिक परम्परा हुन्, जसले केवल धार्मिक आस्था मात्र होइन, स्थानीय एकताको प्रतीक पनि जनाउँछन्। भाला, खड्ग, खुकुरीजस्ता प्राचीन युद्ध सामग्रीहरुको संरक्षण अझै पनि स्थानीयको गर्व र इतिहासको प्रमाण बनेको छ। तर, राज्यको ध्यानको कमीले यी सबै परम्पराहरु असुरक्षित र विस्मृतिको जोखिममा छन्। आजको कुलुङकोट प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र ऐतिहासिक गहिराइको संगम हो। यहाँबाट देखिने हिमाली दृश्य, हरियाली, र ग्रामीण जीवनशैली पर्यटकका लागि लोभलाग्दो छन्। तर, पर्यटकीय सम्भावना यति उच्च हुँदाहुँदै पनि यसको प्रचारप्रसार, पहुँच र संरचना विकासमा उदासीनता देखिनु विडम्बनापूर्ण छ। स्थानीयहरुले आ-आफ्नो स्तरमा परम्परा जोगाउने प्रयास गरिरहेका छन्, तर त्यो व्यवस्थित र दीगो स्वरुपमा रुपान्तरण गर्न स्थानीय सरकारको ठोस पहल आवश्यक छ।

कुलुङकोटलाई पर्यटनका नक्सामा स्थापित गर्न तीन पक्षीय प्रयास अनिवार्य देखिन्छ- स्थानीय समुदायको प्रतिबद्धता, सरकारी योजनाको प्राथमिकता र सरोकारवालाको सहकार्य। सडक, खानेपानी, सूचना केन्द्र, शौचालय, तथा होमस्टे जस्ता आधारभूत पूर्वाधार विकास बिना पर्यटक बसाइ लम्ब्याउन सक्दैनन्। स्थानीय संस्कृति, परम्परा र ऐतिहासिक कथा-कहानीसँग जोडिएका थीमेटिक ट्रेल, सांस्कृतिक महोत्सव र गाइड प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्न सके यो क्षेत्र पर्यटकीय दृष्टिले फस्टाउन सक्छ। तर, प्रश्न उठ्छ- के हामी केवल इतिहास पढ्नेमा सीमित हुने कि इतिहास जोगाउने र जीवित राख्ने जिम्मेवारी पनि लिने? राज्यले हरेक जिल्लामा "ऐतिहासिक सम्पदा पहिचान कार्यक्रम" सञ्चालन गरेको भए कुलुङकोटजस्ता स्थलहरु केवल स्मृतिको हिस्सा नभई आर्थिक र सांस्कृतिक पुनर्जागरणको केन्द्र बन्न सक्थे। पर्यटन मन्त्रालय, गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाले संरक्षण-प्रवर्द्धनका नीति तथा बजेटलाई प्राथमिकतामा राखे मात्र यो सम्भव छ। कुलुङकोटको मूल्य केवल विगतसँग सम्बन्धित छैन, यो भविष्यका लागि पनि अत्यन्त महत्त्वपूर्ण छ। यहाँको सांस्कृतिक अध्ययन, लोककथा, पुरातत्वीय अनुसन्धान र शिक्षण केन्द्रको स्थापना मार्फत नयाँ पुस्ताले आफ्नो पहिचान बुझ्ने अवसर पाउँछन्। यो ठाउँलाई 'लिभिङ म्युजियम' (जीवित संग्रहालय)का रुपमा विकास गर्न सकिन्छ, जहाँ इतिहास केवल हेर्ने होइन, बाँच्ने र महसुस गर्ने विषय बनोस्। संरक्षणका नाममा कागजमा सीमित योजनाहरु होइन, स्थानीय कार्ययोजना, सामुदायिक कोष र दीगो पर्यटन मोडल आवश्यक छन्। स्थानीय युवाहरुलाई पर्यटन-मार्गदर्शक, हस्तकला उद्यमी र संस्कृतिका प्रचारकको रुपमा प्रशिक्षित गर्न सके यसले रोजगारी र पहिचान दुवै सुनिश्चित गर्न सक्छ।

नेपालमा अहिले इतिहास र संस्कृति बिस्तारै व्यावसायिक पर्यटनसँग जोडिँदै गएको छ। लुम्बिनी, गोरखा दरबार र पाल्पाको तानसेन जस्तै तनहुँको कुलुङकोट पनि त्यस श्रेणीमा पर्न सक्ने क्षमता बोकेको छ। तर, यो सम्भावना कार्यान्वयनमा ल्याउन नीति र व्यवहारबीचको खाडल हटाउन आवश्यक छ। हामीले बिर्सिनु हुँदैन- इतिहास केवल पुस्तकमै सीमित हुँदा हराउँछ, तर माटोमा बाँचेका स्थलहरुले पुस्तालाई चिनाउँछन्। कुलुङकोट त्यही चिनारीको स्रोत हो। त्यसैले यसलाई जोगाउने जिम्मा केवल नगरपालिकाको होइन, सम्पूर्ण समाजको हो। हामी सबैले बुझ्नुपर्छ- कुलुङकोट केवल ढुंगामाटोको थुप्रो होइन, यो हाम्रो सांस्कृतिक आत्मा र ऐतिहासिक स्मृतिको प्रतीक हो। त्यसैले अब समय आएको छ- कुलुङकोटको पहिचान पुनर्जीवित गर्ने, यसको इतिहासलाई पुस्तक र पत्रिकामात्र होइन, व्यवहार र जीवनमा उतार्ने। कुलुङकोटको संरक्षण र प्रवर्द्धनमा हामी सबैको हात मिल्यो भने, यो केवल तनहुँकै होइन, सम्पूर्ण नेपालकै गौरव बन्न सक्छ।

हाम्रा अँध्यारा रातहरू खोइ ?

नढाँटी भन्दा, म गाउँ फर्किनुको एउटा लोभ नितान्त निजी थियो ।

आफू हुर्किँदाको कोठामा सुत्ने रोमाञ्चकता !

उत्तरपट्टिको झ्यालबाट सुटुक्क आइपुग्ने निष्पट्ट अँध्यारोसँग अँगालो हाल्दै निदाएका रातहरु फर्काउने कल्पनाले म आन्तरिक रुपमा गदगद थिएँ ।

मलाई अँध्यारोको त्यस्तो विशेष प्रभाव हुन्छ भन्ने थाहा थिएन ।

हाम्रा लागि अँध्यारो खासमा कति उज्यालो हो भन्नेमा म अनभिज्ञ थिएँ। अँध्यारो भनेको खराब, बेकारको, महत्वहीन भन्ने लाग्थ्यो । उज्यालोको कति महिमागान थियो भने अँध्यारोको पक्ष लिनु नराम्रो भन्ने परेको थियो ।

काठमाडौंका रातहरुमा मैले कृत्रिम प्रकाशको दबदबा बढेको चाल पाउँदै गएँ, जब जति बाक्लो पर्दा ताने पनि बाहिरको उज्यालो हामीलाई चियाउन भित्र टुप्लुकिन्थ्यो ।

गाउँको घरको अँध्यारोको सम्झना बढ्न थालेको मैले प्रकारान्तरले महसुस गर्न थालेको थिएँ ।

अँध्यारोको अभावले म सके निस्सासिएको थिएँ !

बाल्यकाल र किशोरवयका ग्रामीण रातहरुको चकमन्नताको अमिट छाप नपरेको भए मलाई त्यति साह्रो गाउँको सुत्ने कोठाको ख्याल आउने थिएन होला ।

अँध्यारो एक किसिमको भयको अनुभव थियो, जससँग भूतको कथाले हाम्रो कल्पनाशक्ति बढाउँथ्यो। मैले दिउँसोभन्दा राति, र त्यो पनि औसीको अँध्यारोमा, बढी कथाहरु गाढा अनुभव गरेको कारण त्यही हुनुपर्थ्यो ।

म गाउँबाट सहर जाँदा किचकन्नीहरुका कथा बढी चल्तीमा थिए। उज्यालो थपिँदै जाँदा काठमाडौंका गल्लीहरुबाट पाइताला उल्टा भएका कल्पनाका आकारहरु विस्मृतिमा जान थाले ।

गाउँमा मैले प्रायः सम्झिने राँके भूत हिँडेको र एउटा डाँडाबाट अर्को डाँडासम्म मशाल बाल्दै तर्साएको सुनाउनेहरु आफै डाँडा काट्दै गए ।

सत्तरी वर्ष पुरानो ढुंगा, माटो र काठको घर मर्मतपछि मैले आफ्नो पुरानै कोठामा नयाँ खाट हालेँ ।

झ्याल त्यही थियो । तर बाहिर राँके भूत दौडिने दिशामा सडक तन्किसकेको थियो ।

हाम्रो खेतको पेट चिरेर जुन सडक गएको थियो, अहिले थप चिरेर सडक दोब्बर विस्तार आयोजनाको काम धमाधम भइरहेको छ । धन्य, विश्व बैंक !

सडकसँगै तानिएका बिजुलीका लट्ठा, पोल र अनेक किसिमका सम्पर्क सञ्जालका तर्न्याङतुन्द्रुङ तारहरुले मेरो झ्यालबाहिरको निष्पट्टतामाथि निर्मम शासन गरिसकेका छन् । सडक राति उज्यालो पार्नुपर्छ भन्ने मान्यताले देशभरि राज गरेकै छ ।

हाम्रो नजिकै ठडिएको वडा कार्यालयबाट कार्यालय समय सकिएपछि राष्ट्रिय झन्डा झिकिन्छ, तर राति पनि कार्यालय जागा रहेको भान पार्न बत्ती चम्किलो पारिन्छ । जताततैको चम्किलो रातमा पशुपन्छी कसरी ट्वाल्ल पर्छन्, मैले देख्दै आएको छु ।

एक साँझ मुसा लखेट्दै आएको लाटोकोसेरो हाम्रो भान्सामा छिर्‍यो । बत्तीको कारण लड्न पऱ्यो । च्याप्प समाउन सजिलै सकियो । बत्ती निभाएर छाडिदिएपछि बल्ल भुर्र्र उड्यो ।

जूनकिरी हराए, लाटोकोसेरो पनि देखिन छाड्यो भनेर कृत्रिम प्रकाशलाई दोष दिँदा गाउँघरमा भर्खर आउँदै गरेको 'विकास'लाई गिज्याएजस्तो हुन्छ । जूनकिरी र लाटोकोसेरो हाम्रा अभिन्न मित्र हुन् भन्ने बुझाउन पनि कठिन हुँदै गएको छ।

कृषि त्यसै त्याज्य हुँदैछ भने किसानका 'असल साथीहरु हराऊन् कि उदाऊन्, बिजुलीको उज्यालोमा कसलाई केको खसखस ?

अँध्यारोप्रति हाम्रो आधुनिक भनिएको चेत नकारात्मक हुँदै जाँदा अँध्यारो पनि जीवनको आधारभूत वातावरणीय अवस्था हो भन्ने बुझाउन जटिल भइसकेको छ।

घर उसै पनि थपिएका छन्, र आधुनिक घर भनेका टहटह बत्ती !

२०७२ को भुइँचालोपछि पुराना घर हेपिए, सिमेन्ट ढलान गरिएका घरहरुले जतातै गाउँबस्ती चेपे ।

कमेरो लिप्ने घरका भित्ता केमिकलका स्थायी चम्किला रङले सजिए, जसमाथि बिजुलीको बल्ब बल्दा गाउँ नै धपक्क!

जब म पहिलो प्रहरमै निद्रादेवी कतिखेर आऊलिन् भनेर ओल्टोकोल्टो फेर्छु, काठको झ्याललाई बेस्करी धकेल्दै, सानो छिद्रलाई ठूलो भ्वाङ पार्दै, कहाँकहाँबाट कुन घर वा कुन चोक चम्काउन झुन्ड्याइएको बत्ती आँखै खान आइपुग्छ ।

अँध्यारो हाम्रा रातहरुबाट क्रमशः पातलो हुँदै गएको छ । हामी अँध्यारोको पूर्ण लाभ लिनबाट वञ्चित हुँदै गएका छौं। अँध्यारोका कथाहरु एकादेशमा जाँदैछन् र मिथहरु मार्सिँदैछन् !

हालसालै मलाई अँध्यारोको यतिविधि मर्म परेको त्यो ऊटीको एउटा रातको अन्तिम प्रहरले हो ।

हाम्रो सामूहिक यात्राको साइत छोप्न मैले होटलको कोठाको पर्दा खोलेँ । अँध्यारोले क्षितिजसँग मधुरो मितेरी लगाएको मिठास पाएँ । मोबाइलको बत्ती बालेर हिँड्दाको आनन्दको अतिरेकको रहस्य के रहेछ भन्नेमा गौर गरेँ ।


के कारणले त्यो अँध्यारोसँग म त्यति साखुल्ले पल्टिन पुगेको थिएँ ? पक्कै मेरो बाल्यकाल र किशोरवयको प्रभाव फर्केको थियो । 'साइन्स' र 'नेचर' मा प्रकाशित विज्ञान लेखका लिंक खोलेँ ।

पृथ्वीमा अँध्यारोको अभाव र कृत्रिम बत्तीको अत्यधिक प्रयोगका असरबारेका वैज्ञानिक लेखले मलाई थप छ्याङ्ग पारिदिए।

पृथ्वीका रात्रिकालीन प्रकाश उत्सर्जनमा हालैका वर्षमा १६ प्रतिशत वृद्धि भेटिएछ । दिन र रातको प्राकृतिक लय खल्बलिँदा धेरै असर पर्न थालिसकेका छन् । सडक र भवनका झिलिमिली, विज्ञापन बोर्ड, कारखाना र रातभर बलिरहने घरका बत्तीले रातलाई अप्राकृतिक बनाइरहेका छन् ।

आज पृथ्वी यति साह्रो उज्यालो हुँदैछ कि हामी रातको खास अनुभवको अभावबाट गुज्रिन थालिसकेका छौं । आकाशको चमक प्रतिवर्ष बढ्दै जाँदा मानिसको नांगो आँखाले देख्न सक्ने ताराहरुको संख्या घटिरहेको छ ।

हामीले सानोमा देख्ने तारा आकाशबाट हराउँदै गएका त होइनन्, हामीले देख्न सक्ने क्षमता गुमाइरहेका हौं ।



अँध्यारो नहुनु ताराहरु नदेखिनु मात्र होइन । प्रकृति र मानव स्वास्थ्यसँगको सम्बन्ध खल्बलिनु पनि हो ।

तारा नदेखिनु, कीराफट्यांग्रा हराउँदै जानु, चराचुरुंगीको दिनचर्या बदलिनु र मानिसको निद्रा प्रभावित हुनुलाई एउटै व्यापक वातावरणीय समस्यासँग जोड्दै प्रकाश प्रदूषण भन्न थालिएको छ। कृत्रिम प्रकाशले मानिसका इन्द्रियदेखि कीरा, चराचुरुंगी, वनस्पति र सम्पूर्ण पारिस्थितिक प्रणालीसम्म असर पारिरहेको छ ।

हाम्रो शरीरमा दिन र रात अनुसार चल्ने 'जैविक घडी' हुन्छ। रातमा प्रकाश पर्नुले मेलाटोनिनजस्ता निद्रा र जैविक लयसँग सम्बन्धित हर्मोनको उत्पादन तथा समयलाई असर गर्न सक्छ । विशेष गरी साँझ र राति आँखामा पर्ने उज्यालो, प्रकाशको रङ र त्यसको अवधि महत्त्वपूर्ण हुन्छन् ।

५१ वटा महामारी-विज्ञान सम्बन्धी अध्ययनबाट बाहिरी कृत्रिम प्रकाश र विभिन्न मानव स्वास्थ्य अवस्थाबीचका सम्बन्धहरु फेला परे। निद्रा र जैविक लयका समस्या, मोटोपन, मुटु सम्बन्धी

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
समय फुर्सदिलो रहनाले रमाइलो भेटघाट गर्ने अवसर प्राप्त हुनेछ। प्रतिष्ठा, मान-सम्मान आदि पाइनेछ।

वृष
प्रेम र मित्रताको बन्धन कसिनेछ। पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

मिथुन
आवश्यक पर्दा सहयोगीहरुले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम सुरू गर्ने समय छ।

कर्कट
आफ्नो मेहनतबाट अरुले फाइदा उठाउनेछन्। आम्दानी भए पनि खर्च बढ्नाले समस्या पर्नेछ।

सिंह
परिस्थितिले स्वतन्त्रतामा बाधा पुर्याउन सक्छ। तर सानो प्रयत्नले फाइदा बढ्नेछ। व्यापारमा लाभ हुनेछ।

कन्या
पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने नयाँ काम प्रारम्भ हुनेछ।

तुला
मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ। अथवा, कमजोर विकल्प अँगाल्नाले अवसर गुम्न सक्छ।

वृश्चिक
अरुलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। कीर्तिमानी काम गर्न सफलता मिल्नेछ।

धनु
विभिन्न भौतिक साधन जुट्नेछन्। कामले यात्राको अवसर दिलाउन सक्छ। नयाँ ज्ञान सिक्ने मौका छ।

मकर
कामको चाप बढ्नेछ तर स्वास्थ्य कमजोर रहनेछ। अर्थका हिसाबले पनि दिन कमजोर रहला।

कुम्भ
केही जोखिमपूर्ण वा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। समस्या दर्साउँदा सहयोगीहरुले साथ दिनेछन्।

मीन
पेसा-व्यवसायमा विशेष लाभ लिने समय छ। व्यापार बढ्नेछ भने आम्दानी पनि प्रशस्तै बढ्नेछ।

हाम्रा अँध्यारा रातहरू .....

रोग तथा केही क्यान्सरसँग समेत सम्बन्ध पाइए ।

रातको कृत्रिम उज्यालोले चराचुरुंगीको खाना खोज्ने, आराम गर्ने, ऊर्जा सञ्चित गर्ने प्रक्रिया, उड्ने दिशा र दुरी नै खल्बल्याइदिँदो रहेछ ।

वनस्पतिलाई पनि त्यसै गरी प्रभावित गर्छ । रातको प्रकाशले केही वनस्पतिमा दिनको लम्बाइ र ऋतुको संकेत बुझ्ने प्रक्रियामा दखल पुऱ्याउने मात्र होइन, रातमा सक्रिय परागवाहक र वनस्पतिबीचको सम्बन्धमा समेत अवरोध आउने रहेछ । बढ्दो उज्यालोबीच वैज्ञानिकहरु अँध्यारोको आवश्यकतामाथि प्रकाश पार्न खोज्दैछन् । हामीलाई तारा, आकाशगंगा र अन्य खगोलीय वस्तु अवलोकन गर्न अँध्यारो आकाश आवश्यक हुन्छ भन्दैछन्।

वैज्ञानिक अध्ययन, सांस्कृतिक परम्परा र मानिसको ब्रह्माण्डसँगको सम्बन्ध जोगाउन मात्र होइन, जीवहरुको प्राकृतिक रात सुरक्षित राख्न पनि यो जरुरी छ।

अँध्यारो आकाशको संरक्षण गर्न अभियान पनि चलेका छन् । मैले तारा र तारामण्डलसँग सम्बन्धित मिथक, किम्बदन्ती, लोककथा तथा सांस्कृतिक परम्पराकी अध्येता र अमेरिकी अभियन्ता मेरी स्टेवार्ट आडम्सको अन्तर्वार्ता पनि पढेँ ।

तारामय आकाशको पौराणिक वैभव पुनः खोज्न जरुरी ठान्ने मेरीले उल्टै प्रश्न गरेकी छन्, 'हामीले रातको आकाशबाट ताराहरु मात्र गुमाइरहेका छौं, कि संसारलाई विस्मय, कल्पना र अर्थका साथ हेर्ने एउटा पुरानो मानवीय क्षमता पनि गुमाइरहेका छौं ?'

'कथावाचकका रातका आकाश' भन्ने अर्थ लाग्ने नामको पोडकास्ट पनि चलाउने मेरीका लागि खगोलशास्त्र र कथावाचन आकाशलाई बुझ्ने दुई भिन्न तर परिपूरक मानवीय तरिका हुन् ।

दास गोएथेअनममा प्रकाशित अन्तर्वार्तामा उनले अमेरिकामा अँध्यारो आकाश संरक्षण गर्ने एउटा पार्क स्थापनाका लागि टोलीको नेतृत्व गरेको विशेष उल्लेख छ।

उनको तर्कमा, अँध्यारोलाई असुविधा, असुरक्षा र पछौटेपनको संकेत मान्ने सोचाइबाट उज्यालो 'विकासको प्रतीक' बन्न पुग्यो। जबकि, प्राकृतिक संसारमा रातको अस्तित्व पृथ्वीको जीवनचक्रको अभिन्न अवस्था हो।

सबै कुरा सधैं देखिनुपर्छ भन्ने कहाँ छ ?

दिनमा आँखाले टाढासम्मका वस्तु छुट्टयाउँछ। रातमा भने दृष्टि सीमित हुन्छ, तर आकाशतिर हेर्दा असंख्य ताराहरु देखिन थाल्छन्। हामी आफूलाई वरिपरिको संसारको केन्द्र ठान्ने बानीबाट केही क्षण बाहिर निस्कन सक्छौं।

मधुरा ताराहरुलाई कृत्रिम प्रकाशले ओझेल पार्दा हामीले ब्रह्माण्डको दृश्यवैभवको ठूलो अंश देख्न पाउँदैनौं भन्ने उनको जिकिर छ । प्राकृतिक अँध्यारो जोगाउनु प्रकाशको विरोध गर्नु होइन ।

मेरी लगायतले गरेको अँध्यारो आकाश संरक्षण पार्क रातको प्राकृतिक अँध्यारो र ताराहरु हेर्न सकिने अवस्थाको संरक्षणलाई महत्त्व दिने क्षेत्र हो । यसको उद्देश्य पर्यटकलाई ताराहरु देखाउनु मात्र होइन । रातको आकाशलाई साझा प्राकृतिक सम्पदा मानेर त्यसलाई भविष्यका पुस्ताका लागि पनि सुरक्षित राख्नु हो ।

आवश्यक ठाउँमा आवश्यक मात्रामा प्रकाश प्रयोग गर्दै रातलाई पनि आफ्नो प्राकृतिक स्वरुपमा रहन दिनुपर्छ भन्नेमा मेरी र उनीजस्ता अध्येताहरुको जोड छ।

ताराहरु नदेखिने गरी आकाशतिर फैलिने प्रकाश नियन्त्रण गर्ने, अनावश्यक चम्किला सडक, भवन र विज्ञापनका बत्ती रोक्ने, घर वा प्राकृतिक वासस्थानमा पस्ने अनावश्यक प्रकाश छेक्ने, रातको प्राकृतिक उज्यालो-अँध्यारो चक्र बिगार्ने निरन्तर प्रकाश बन्देज गर्ने जस्ता उपाय गर्न सकिन्छ।

खेतबारीमै समेत अँध्यारो आवश्यक हुन्छ भनेर बुझ्ने हो भने कृषि क्षेत्रमा रातको जगेर्ना जरुरी भइसकेको छ। कृषि अनुसन्धान परिषदका अध्येताहरुले नै नेपालमा कृत्रिम प्रकाशबाट बालीनाली प्रभावित हुन थालिसकेको तथ्य संकलन गरेका छन् र भरसक त्यस्ता बत्ती कम गर्न सुझाएका छन् ।

म आफै पनि आफूले हेरचाह गरिरहेको खेतबारी र पशुपन्छीलाई पूर्ण अँध्यारोको अधिकार कसरी दिलाउन सकिएला भन्नेमा चिन्तित छु। मैले बाल्यकालमा अनुभव गरेको अँध्यारो अहिले आफ्नै खेतबारीमा छैन ! त्यसभन्दा पनि बढी सरोकार हाम्रा बालबालिकाले कस्तो आकाश हेर्दै हुर्केलान् भन्ने छ ।

मेरीजस्ता अध्येताको प्रश्न छ- बालबालिकाले आफ्नो जीवनमा कहिल्यै आकाशगंगा देखेनन् भने उनीहरुले के गुमाउँछन् ? केवल एउटा खगोलीय दृश्य ? अथवा आकाशको विशालतासँग प्रत्यक्ष भेटेर आफूभन्दा धेरै ठूलो संसारको अनुभूति गर्ने अवसर पनि ?

पुर्खाहरुले ताराहरुका आधारमा ऋतुका संकेत बुझ्थे, खेतीपातीको समय पहिल्याउँथे, यात्रामा दिशा पत्ता लगाउँथे र आकाशका आकृतिमा कथा बुन्थे। आज हामीसँग एआईले तत्काल उपलब्ध गराउन सक्ने क्यालेन्डर, मौसम पूर्वानुमान र डिजिटल नक्सा छन् । तर प्रश्न छ- के हामी प्रत्यक्ष प्रकृति-अवलोकनको अनुभव गुमाउन चाहन्छौं ? आकाशगंगाको तस्बिर आफ्नो मोबाइलमा हेर्नु र रातको चकमन्नतामा आफ्नै आँखाले आकाशगंगा देख्नु एउटै होला त ?

अध्येताहरुको जिकिर छ, तारा हेर्ने परम्परा पुनर्जीवित गर्नु भनेको पुराना कथामा फर्कनु मात्र होइन; प्रकृतिलाई फेरि कथा सुनाउन सक्ने संसारका रुपमा हेर्नु पनि हो । आकाशसँगको सम्बन्धले वैज्ञानिक जिज्ञासा र साहित्यिक कल्पना दुवैलाई पोषण दिन सक्छ भन्ने ठानिन्छ । ताराहरु कवितामा प्रायः सुदूर लक्ष्य, एक्लोपन, स्वतन्त्रता र अनन्तताका प्रतीक बनेका छन् ।

वैज्ञानिक खोजी जारी छ। अँध्याराका बारेमा भने कविहरुले धेरै प्रकाश पारेका छन् ।

जस्तो, आजका जल्दाबल्दा कवि विनोदविक्रम केसी छुस्स लेख्छन्-

हाम्रो जुनी
के रैछ र, जूनकिरी !
बस्, एक बाकस अन्धकार !
सेतोपाटीबाट
एक्स- @narayanwagl

भूमि प्रशासन कार्यालय तनहुँको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

तनहुँ जिल्ला सावित्र भिमाद ८ हाल भिमाद ७ बस्ने खगे सार्कीको एकलौटी नाउँमा कायम जि. तनहुँ सावित्र भिमाद ८ख अन्तर्गतको तपशिलको कित्ता जग्गाको स्रेस्ता एवं पुर्जा भएका ज.ध. खगे सार्कीको मिति २०८२।०५।२० मा मृत्यु भएको र निजको एकमात्र श्रीमति मंगली सार्कीको मिति २०७३।०९।०४ गते आफनै काल गतीले मृत्यु भएको निज दम्पतीबाट ६ जना सन्तानको जायजन्म भएकामा २ छोरीको विवाहदान भइसकेको हुँदा निजको नजिकको हकदार ४ छोरा जेठो कर्णवहादुर सार्की, माइलो प्रेमवहादुर सार्की, साइलो डिलवहादुर सार्की र कान्छो सनवहादुर सार्की समेत ४ जनाको मात्र जन्म भएको तथा दर्तावाल खगे सार्कीको शेष पछिको निवेदक छोराहरु बाहेक मृतकको नजिकका अरु हकदार नभएकोले हामी हकदार ४ छोरा जेठो कर्णवहादुर सार्की, माइलो प्रेमवहादुर सार्की, साइलो डिलवहादुर सार्की र कान्छो सनवहादुर सार्की समेत ४ जनाको संयुक्त नाउँमा नामसारी गरिपाऊँ भनी यस कार्यालयमा निवेदन दिनु भएकोमा ज.ध. प्रमाणपुर्जामा ज.ध.को वावुको नाम टहल सिंह भएको ज.ध.को मृत्यु दर्ता प्रमाणपत्रमा वावुको नाम सुके सार्की भएको हुँदा उक्त फरक नाम सच्याई निवेदकहरूको माग निवेदन वमोजिम निवेदक :- ४ छोरा जेठो कर्णवहादुर सार्की, माइलो प्रेमवहादुर सार्की, साइलो डिलवहादुर सार्की र कान्छो सनवहादुर सार्की समेत ४ जनाको संयुक्त नाउँमा नामसारी गरिदिदा कसैको हक दैयामा असर पर्ने भए वा दर्तावालको नजिकको अरु कोही हकदार भए वा निवेदकको माग निवेदन वमोजिम नामसारी गरी दिन नहुने भए वा अरु कोही हकवला भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिन दिन भित्र प्रमाण सहित यस कार्यालयमा हकदावी गर्न आउनु होला । अन्यथा नियमानुसार भई जानेछ ।

तपशिल

गा.प./न.पा.	वडा न.	कित्ता नं.	जग्गा धनीको नाम
भिमाद	८ख	क्रमशः २९ र ३०	खगे सार्की

यसमा खगे सार्कीको नाउँमा श्रेष्ता पुर्जा कायम रहेको उपरोक्त अनुसारको जग्गा धनी खगे सार्कीको मिति २०८२।०५।२० मा मृत्यु भएको र निजको एकमात्र श्रीमति मंगली सार्कीको मिति २०७३।०९।०४ गते आफ्नै काल गतीले मृत्यु भएको निज दम्पतीबाट ४ छोरा र २ छोरीको जायजन्म भएको २ छोरीको विवाहदान भईसकेको र हकदार ४ छोरा जेठो कर्णवहादुर सार्की, माइलो प्रेमवहादुर सार्की, साइलो डिलवहादुर सार्की र कान्छो सनवहादुर सार्की समेत ४ मात्र भएकोले ज.ध. प्रमाणपुर्जामा ज.ध.को वावुको नाम टहल सिंह भएको ज.ध.को मृत्यु दर्ता प्रमाणपत्रमा वावुको नाम सुके सार्की भई नाम फरक परे तापनि व्यक्ति फरक नभै एउटै व्यक्ति भएकोले फरक नाम सच्याई दर्तावालको शेषपछिको हकदार हामी निवेदक छोरा जेठो कर्णवहादुर सार्की, माइलो प्रेमवहादुर सार्की, साइलो डिलवहादुर सार्की र कान्छो सनवहादुर सार्की समेत ४ जनाको संयुक्त नाउँमा नामसारी गरी पाउँ भनी यस कार्यालयमा संयुक्त निवेदन दिनु भएको हुँदा दर्तावालको शेष पछिको हकदार निवेदक बाहेक अरु कोही नजिकका हकदार छन् वा छैनन् ? उक्त कित्ता जग्गा कस्ले भोग चलन गरेको छ ? ज.ध.को मृत्यु दर्ता प्रमाणपत्रमा ज.ध.को वावुको नाम सुके सार्की भएको जग्गा धनी प्रमाणपुर्जामा ज.ध.को बाबुको नाम टहल सिंह भएकोले दुई फरक नाम गरेको व्यक्ति एउटै हो वा होइन ? स्रेस्ता एवं पुर्जामा ज.ध. तथा ज.ध.को वावुको नाम सच्याई निवेदकहरूको माग निवेदन बमोजिम निवेदक जेठो छोरा कर्णवहादुर सार्की, माइलो प्रेमवहादुर सार्की, साइलो डिलवहादुर सार्की र कान्छो सनवहादुर सार्की समेत ४ जनाको संयुक्त नाउँमा नामसारी गरी दिदा कसैको हकदैयामा असर पर्छ वा पर्दैन ? निवेदकको माग निवेदन वमोजिम निवेदक जेठो कर्णवहादुर सार्की, माइलो प्रेमवहादुर सार्की, साइलो डिलवहादुर सार्की र कान्छो सनवहादुर सार्की समेत ४ जनाको संयुक्त नाउँमा नामसारी दिन नहुने भए वा उल्लेखित उक्त कित्ता जग्गाको ज.ध./दर्तावालको शेष पछिको निवेदक बाहेक अरु कोही नजिकको हकवला भए वा अन्य कसैको हकदावी पुग्ने भए म्याद भित्र प्रमाण सहित यस कार्यालमा हकदावी गर्न आउनु होला । अन्यथा नियमानुसार भई जाने व्यहोरा जानकारी गराइएको छ ।

ईति संवत २०८३ साल असोज १४ गते रोज ४ शुभम् ।

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कात्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

कात्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावारी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

मिर्लुङ पोलिक्लिनिक प्रा.लि. व्यास-२, अमरसिंह मार्ग, दमौली ।
फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश

प्लाष्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामाग्रीको बिक्री-वितरण नगर्नु नगराउनु हुन ।

नेपाल सरकारको निर्णय तथा प्रचलित कानून बमोजिम प्लाष्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामाग्रीको उत्पादन, आयात, बिक्री-वितरण, भण्डारण तथा प्रयोगमा रोक लगाइएको हुँदा व्यास नगरपालिका क्षेत्र भित्र यस्ता सामाग्रीको कारोबार तथा प्रयोग नगर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । नगरपालिकाबाट बजार तथा व्यवसायिक क्षेत्रमा अनुगमन गरिनेछ र कानून विपरीत कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिदे व्यहोरा जनकारी गरिन्छ ।

प्राकृतिक फूल तथा वातावरणमैत्री सामाग्र प्रयोग गरौं, वातावरण संरक्षणमा सहयोग गरौं ।

शिक्षक आवश्यकता

विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०७/१२

भानु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको मिति २०८३/०७/११ गतेको च.नं. १०१ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा **प्राथमिक तह** तृतीय श्रेणीको एक जना करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

तपसिल

विज्ञापन नं. : ०१/२०८३/०८४
१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह (माथिल्लो शैक्षिक योग्यतालाई प्राथमिकता दिइने)
४) **दरखास्त शुल्क** : ५००/- (पाँच सय रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि, व्यक्तिगत विवरण र निवेदन । (परीक्षापश्चात छनौट भएको उम्मेदवारको निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक
९) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०७/२६ गतेसम्म ।
१०) **सम्पर्क मिति** : २०८३/०७/२७ गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
पुनश्च : करार सूचिमा नाम भएका उम्मेदवारले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रमाणसहित उपस्थित भएमा योग्यता क्रमको आधारमा नियूक्तिको प्रक्रिया अगाडि बढाइने छ । करार सूचिका उम्मेदवार नआएमा खुल्ला उम्मेदवारबाट छनोट गरिनेछ ।

प्रधानाध्यापक
श्री आदर्श सरस्वती माध्यमिक विद्यालय
भानु न.पा-६, नावरूङ तनहुँ । सम्पर्क : ९८४६२९२०५८, ९८२७१३०९६१
Email : sadarsha18@gmail.com

पञ्चमुनिदेव माध्यमिक विद्यालय
शुक्लागण्डकी न.पा.-४, दुलेगौंडा, तनहुँ

शिक्षक/कर्मचारी आवश्यकता

शुक्लागण्डकी नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०७/१० गतेको अनुमति पत्रअनुसार यस विद्यालयलाई तपसिलअनुसारका प्रशिक्षकको आवश्यकता परेकोले आवश्यक कागजात संलग्न गरी योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट मिति २०८३/०७/११ गतेदेखि दरखास्त आह्वान गरिन्छ ।

तपसिल

विज्ञापन नं. : ०१/२०८३/०८४
१. **पद/तह** : प्रशिक्षक (माध्यमिक, द्वितीय श्रेणी/करार, संख्या-१) **२. विषय** : पशुविज्ञान
३. **न्यूनतम शैक्षिक योग्यता** : पशु विज्ञान विषयमा स्नातकोत्तर वा सम्बन्धित विषयमा B.V.Sc. & A.H. उत्तीर्ण गरी कम्तिमा एक वर्षको अनुभव ।
४. **आवश्यक कागजात** : SLC/SEE देखि सम्बन्धित तहसम्मका प्रमाणपत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा १ वर्ष सेवा गर्ने प्रतिबद्धता पत्र ।
५. **उमेरको हद** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,
६. **परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तरवार्ता
७. **तलब स्केल** : नेपाल सरकारको नियम अनुसार
८. **दरखास्त रकम** : रू. १०००/- (एक हजार रूपैयाँ मात्र)
९. **दरखास्त दिने अन्तिम मिति** : २०८३/०७/३० गते ४ बजेसम्म
१०. **सम्पर्क मिति** : २०८३/०८/०१ गते बिहान १० बजे **११. परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ

साथै, विद्यालयको निजी स्रोतबाट तलब भत्ता व्यहोर्ने गरी निम्नानुसारको शिक्षक कर्मचारीको लागि पनि विज्ञापन खुलाइएको छ । इच्छुक नेपाली नागरिकले आफ्नो व्यक्तिगत विवरण १५ दिन भित्र विद्यालय प्रशासनमा बुझाउनुहुन अनरोध छ ।

- **मन्देश्वरी शिक्षक-१ जना** : कम्तिमा १२ कक्षा पास तथा मन्टेश्री तालिम प्राप्त ।
- **विद्यालय कर्मचारी-२ जना** : कम्तिमा ०८ कक्षा पास ।
- **ड्राइभर-२ जना** : ड्राइभिङ लाइसेन्स भएको ।

नोटः आन्तारिक स्रोतबाट नियुक्त हुने शिक्षक कर्मचारीको सेवासुविधा विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

सम्पर्क : ०६५४१४१८४, ९८४६०२४८४९, ९८५६०६२३४५

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



प्राकृतिक सुन्दरता : तनहुँ भिमाद नगरपालिका-५ मिछुर्लुङ गाउँको पृष्ठभूमिमा देखिएको हिमालको मनोरम दृष्य । शरद ऋतुसँगै खुलेका हिमाल, हरिया पहाडका तरेली, चिसो मौसम सुरू हुँदै जाँद बेसी तथा उपत्यकामा बिहानको सयममा लाग्ने कुहिरोले प्राकृतिक सौन्दर्यता बढाएको छ भने घुमफिरमा रमाउने पर्यटकका लागि उपयुक्त वातावरण पनि बनेको छ । पर्यटकीय याम पनि भएकाले अहिले उच्च पहाडी क्षेत्रबाट प्राकृतिक सौन्दर्य अध्ययन अवलोकन गर्न रूचाउने आन्तरिक तथा वाह्य पर्यटकको चहलपहल बढ्दै गएको छ । *तस्विर : भञ्ज्याङ*

facebook twitter



Jeeban
x.com/jeebanjee

नेपाल प्रिमियर लिग (NPL) मा फ्रेन्चाईजमार्फत हुने खर्च, क्यान तथा फ्रेन्चाईजसँग आबद्ध ब्रान्डको प्रयोजन, टिकट बिक्रिलगायत बिभिन्न गतिविधिमा एक महिनाको अन्तरालमा डेढ अर्व रूपैया भन्दा बढिको प्रतक्ष कारोबार हुने रहेछ ।
पहिलो सिजनमा प्रतक्ष कारोबार एक अर्व हाराहारिमा भएको रहेछ भने दोस्रो सिजनमा एक अर्व भन्दा केहि बढि कारोवार भएको रहेछ तेस्रो सिजनमा आईपुग्दा यो रकमा निकै उछाल आएको देखिन्छ यसले शिथिल अर्थतन्त्रमा निकै उत्साह थप्ने अनुमान गर्न सकिन्छ ।

PMO
x.com/PM_nepal_

निःशुल्क स्वास्थ्य पोर्टल

नेपालको संविधान २०७२ को धारा ३५ ले व्यवस्था गरेको प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित नगरिने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने भन्ने संवैधानिक व्यवस्था रहेको छ । साथै नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ को दफा ७० घ मा "अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, वेवारिसे विरामीका लागि कुल शैय्याको १० प्रतिशत शैय्या छुट्याई निःशुल्क उपचार अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ" भन्ने व्यवस्था भएकाले सोको कार्यन्वयनको लागि अस्पतालहरूमा निःशुल्क उपचार सेवा प्रभावकारी, पहूच योग्य र पारदर्शी बनाउने उद्देश्यले यो अनलाइन प्रणालीको विकास गरिएको हो । थप जानकारीको लागि website मा दिइएको सम्बन्धि अस्पतालको फोकल पर्सनलाई कल गर्न सक्नुहुनेछ । अस्पतालहरूमा उपलब्ध निःशुल्क बेडको अवस्था थाहा पाउन Free Health Portal को यो लिंक क्लिक गर्नुहोस्: https://freehealth.mohp.gov.np

तनहुँका २३ सहित गण्डकीमा रास्वपाबाट गाउँपालिका अध्यक्षको उम्मेदवार बन्न १९७ जना आकांक्षी

भञ्ज्याङ समाचारदाता/काठमाडौं

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को 'गाउँपालिका क्यान्डिडेड क्लब' मा गण्डकीका जिल्लाहरूमा रहेका गाउँपालिकाको अध्यक्ष हुन इच्छा राखेर आवेदन दिनेहरूको संख्या हालसम्म १९७ जना रहेको छ । रास्वपाले भदौ १ गतेदेखि गाउँपालिकामा उम्मेदवार हुन इच्छुकका लागि अनलाइन आवेदन सुरू गरेको थियो । यस अवधिभित्र मुस्ताङ र मनाङका गाउँपालिकाबाट उम्मेदवारको आकांक्षा राखेर निवेदन दिनेहरू छैनन् । मुस्ताङमा ५ र मनाङमा ४ गाउँपालिका छ ।

म्याग्दीका दुई गाउँपालिका पनि अध्यक्षको उम्मेदवार हुन इच्छा राखेर हालसम्म निवेदन परेको छ । गण्डकीका रास्वपा सभापति नविन त्रिपाठीले मनाङ र मुस्ताङमा संगठन निर्माणकै क्रममा पार्टी रहेको र ती जिल्लाबाट आकांक्षी हालसम्म नदेखिएको जानकारी गराए।

रास्वपाबाट गाउँपालिका अध्यक्ष हुन इच्छा राखेर निवेदन दिनेहरूमा गोरखाबाट ४१, स्याङ्जाका ३२, कास्कीका ३१, तनहुँ २३, पर्वत २३, बागलुङ १६, नवलपुरमा १४, लमजुङ ११ र म्याग्दी ६ जना छन् ।

गण्डकीमा कुल ५८ गाउँपालिका रहेकोमा एउटै सबैभन्दा गाउँपालिका बढी हुने गोरखाबाट अध्यक्ष पदमा आकांक्षीको संख्या बढी देखिएको छ । ९ गाउँपालिका रहेको गोरखाबाट अजिरकोटमा ९, भिमसेनथापामा ४, बारपाक सुलिकोटमा ५, चुमनुव्रीमा १, धार्चेमा १, गण्डकीमा ७, शहीद लखनमा ७ र सिरानचोक गाउँपालिकामा ७ जनाले अध्यक्ष उम्मेदवार हुने आकांक्षा राखेका छन् ।

६ गाउँपालिका रहेको बागलुङमा अध्यक्ष पदका लागि १६ जनाले इच्छा देखाएका छन्। बडिगाडमा ३, बरेङमा २, काठेखोलामा ४, निसीखोलामा ४, तमानखोलामा २ र ताराखोलामा १ जनाले अध्यक्ष पदका लागि आकांक्षा देखाएका छन् ।

६ गाउँपालिका रहेको स्याङ्जामा ३२ जनाले अध्यक्ष पदको उम्मेदवार हुने इच्छा सहित अनलाइन आवेदन दिएका छन् । स्याङ्जाका गाउँपालिकामध्ये आँधीखोलामा सबैभन्दा बढी १० जनाले अध्यक्षको उम्मेदवारका आकांक्षी देखिएका छन् । अर्जुनचौपारीमा ६, बिरूवामा २, हरिनासमा ५, कालीगण्डकीमा ३ र फेदीखोलामा ६ जनाले रास्वपाबाट अध्यक्षको उम्मेदवार हुने आकांक्षा राखेका छन् ।

६ वटा गाउँपालिका रहेको तनहुँमा आँबुखैरेनीमा २, बन्दीपुरमा ६, देवघाटमा ४, घिरिङमा ६, म्याग्देमा ४ र ऋषिङमा १ जनाले अध्यक्ष पदको आकांक्षा राखेर आवेदन दिएका छन् । तनहुँका ६ गाउँपालिकामा अध्यक्षको उम्मेदवार हुन चाहनेको संख्या २३ जना रहेको छ ।

५ पालिका रहेको पर्वतमा विहादीमा ७, जलजलामा ३, महाशिलाबाट २, मोदीबाट ६ र पैयूंमा ५ जनाले अध्यक्षको उम्मेदवार हुने चाहना राखेर अनलाइन आवेदन दिएका छन् । गाउँपालिका अध्यक्ष हुन इच्छुकको संख्या पर्वतमा हालसम्म २३ जना छन् ।

पाँच गाउँपालिका रहेको म्याग्दीमा ३ पालिकाबाट अध्यक्ष हुने आकांक्षीले आवेदन दिएका छन् । धवलागिरीमा २, मंगलामा २ र रघुगङ्गामा २ जना गरी कूल छ जनाले हालसम्म अध्यक्ष पदमा आकांक्षी देखिएका छन् । अन्नपूर्ण र मालिका गाउँपालिकामा हालसम्म कसैले इच्छा देखाएका छैनन् ।

चार गाउँपालिका रहेको कास्कीबाट हालसम्म अध्यक्ष पदको उम्मेदवारको इच्छा राख्नेहरूको संख्या ३१ जना रहेको छ । चार गाउँपालिकामा अन्नपूर्णबाट ८, माछापुच्छ्रेमा ९, मादीमा १२ र रूपा गाउँपालिकामा २ जनाले पालिका अध्यक्षको उम्मेदवार हुने इच्छा देखाएका छन् । चार गाउँपालिका रहेको अर्को गण्डकीको जिल्ला लमजुङबाट दोर्दीमा २, दूधपोखरीमा ५, क्व्होलासोथारमा १ र मर्स्याङ्दीमा ३ गरी ११ जनाले इच्छा राखेका छन् । नवलपुर जिल्लामा बौदीकालीबाट २, बुलिङटारबाट ४, हुप्सेकोटबाट ८ जनाले गाउँपालिका अध्यक्ष उम्मेदवार हुने आकांक्षा राखेका छन् ।

रास्वपाले भदौ १ गतेबाट गाउँपालिका र असोज २९ गतेबाट नगरपालिकाको जनप्रतिनिधि हुन इच्छुकका लागि आवेदन खुला गरेको थियो । रास्वपा नेताहरूका अनुसार प्रमुख पदमा आकांक्षीहरू उल्लेख्य देखिएपनि सदस्य पदमा न्यून आवेदन परेको छ । 'अध्यक्षको तुलनामा उपाध्यक्षमा आवेदन कम छ । सदस्यहरू त्यसभन्दा पनि कम आवेदन परेको छ,' गण्डकी सभापति त्रिपाठीले भने, 'आवेदनका लागि समय छँदैछ । ल्याट्रल इन्ट्रीका लागि प्रतिक्षा गर्नेहरू पनि हुनुहुन्छ ।' रास्वपाले उम्मेदवारको आवेदनको समय सीमा भने हालसम्म तोकेको छैन ।

पृथ्वीराजमार्गको स्वरूप फेरिँदै .....

अपेक्षित सुधार आउन कठिन हुने देखिन्छ ।

पश्चिम खण्डमा चार ठूला र आठ साना पुल निर्माण गर्ने योजना छ । सेती नदीस्थित पृथ्वीचोकमा निर्माणाधीन दुई सिग्नेचर पुलबाहेक अन्य पुलको निर्माण सम्पन्न भइसकेको आयोजनाले जनाएको छ ।

पोखरा महानगर क्षेत्रमा खानेपानीका पाइप र विद्युत्का पोल व्यवस्थापन गर्न तथा सडक मापदण्डभित्र पर्ने संरचना हटाउन ढिलाइ हुँदा निर्माण प्रभावित भएको थियो । कास्की क्षेत्रमा मापदण्डमा पर्ने ३७ घरको क्षतिपूर्ति हालै निर्धारण भएको छ भने तनहुँतर्फ चार घरको क्षतिपूर्ति निर्धारण हुन बाँकी छ ।

कास्की क्षेत्र नं. २ का सांसद उत्तमप्रसाद पौडेलले पृथ्वीराजमार्ग पोखरा र समग्र गण्डकी प्रदेशको आर्थिक तथा यातायात सम्पर्कका दृष्टिले महत्वपूर्ण रहेको बताए । आयोजनामा देखिएका समस्या समाधान गरी थप ढिलाइ हुन नदिन पहल भइरहेको उनको भनाइ छ । पौडेलले भने, "आयोजनामा आएका अप्ठेरा हटाउन पनि हामी लागेका छौं, कुनै पनि बहानामा थप ढिलाइ हुनु हुँदैन ।"

पृथ्वीचोकका दुई पुलले जाम घटाउने अपेक्षा

पोखराको पृथ्वीचोकस्थित चाइनापुल अहिलेको सडक विस्तारअनुसार पर्याप्त क्षमताको नहुँदा सवारी चापका बेला जाम हुने गरेको छ। चार लेनको सडकमा दुई लेनको पुल मात्र रहेकाले सवारी आवागमन प्रभावित हुँदै आएको छ। यही समस्या समाधान गर्न पुरानो पुलको उत्तर र दक्षिणतर्फ दुई लेनका छुट्टाछुट्टै सिग्नेचर पुल निर्माण भइरहेका छन् ।

दुवै पुल निर्माण सम्पन्न भएपछि सेती नदीमाथि पुरानो पुलसहित तीन पुल सञ्चालनमा आउनेछन् । यसले पृथ्वीचोक क्षेत्रमा सवारीसाधनको आवागमन सहज बनाउने र सडकको क्षमताअनुसार यातायात सञ्चालन गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

आयोजनाका इन्जिनियर अनन्त बरालका अनुसार उत्तरतर्फको पुल पुस दोस्रो सातासम्म सम्पन्न गर्ने लक्ष्य छ भने दक्षिणतर्फको पुल असारभित्र निर्माण सक्ने योजना छ । माथिल्लो पुल जनवरीदेखि सञ्चालनमा ल्याउने तयारी गरिएको उनले बताए ।

बरालले भने, "निर्माणका केही जनशक्ति चीनबाट भिकाउनुपर्ने भएकाले यो प्रक्रिया अघि बढाइएको छ, जनवरीबाट माथिल्लो पुल सञ्चालन गर्ने योजना छ ।"

एक अर्ब सात करोड २४ लाख रूपैयाँ लागतमा रसुवा कन्स्ट्रक्सन कम्पनी प्रालिले दुवै पुल निर्माण गरिरहेको छ । प्रत्येक पुल १९० मिटर लामो र दुई लेनको हुनेछ । उपलब्ध विवरणअनुसार पुल निर्माणको भौतिक प्रगति ७० प्रतिशत पुगेको छ ।

पृथ्वीराजमार्गको स्तरोन्नतिले सडकको चौडाइ मात्र बढाएको छैन, पोखरा प्रवेश गर्ने मुख्य मार्गको यातायात संरचना पनि परिवर्तन गर्दैछ । तर, सडक र पुल निर्माणसँगै बाँकी सहायक संरचना, मापदण्डमा पर्ने घरको क्षतिपूर्ति तथा व्यवस्थापनका काम समयमै पूरा गर्नु आयोजनाका लागि उत्तिकै महत्वपूर्ण छ । मुख्य निर्माण कार्य निर्धारित समयमै सम्पन्न गरी सडकलाई पूर्ण क्षमतामा सञ्चालन गर्न सके मात्र स्तरोन्नतिको प्रत्यक्ष लाभ यात्रु, स्थानीय बासिन्दा र व्यवसायीले पाउनेछन् ।

स्वच्छ शहर: स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,



- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४